मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख ५ गते शनिबार ❑ 18 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## संविधान र कानुन पालना गरी विधेयक निर्माण द्रुत रुपमा अघि बढाइनेछ: सभामुख अर्याल

**रासस**
काठमाडौं, ४ बैशाख

सभामुख डोलप्रसाद अर्यालले संविधान, कानुन र विधि र प्रक्रियाको उच्चपालना गरी कानुन निर्माणलाई द्रुत रुपमा अघि बढाइने बताउनुभएको छ।

संसदीय मामिला पत्रकार समाजसँग शुक्रबार भएको छलफलमा उहाँले सदनबाट छिटो कानुन निर्माण हुनसके त्यसको तत्काल लाभ नागरिकले पाउने भएकाले त्यस विषयलाई ध्यान दिन जरुरी रहेको स्पष्ट पार्नुभयो।

सभामुख अर्यालले भन्नुभयो, "कानुन निर्माणमा ढिलाइ हुँदा समाजलाई ठूलो असर पार्ने र त्यसको असर सोचेभन्दा फरक आउन सक्छ भन्ने पाटोलाई ध्यान दिनुपर्छ।" समाज निर्माणमा सबै क्षेत्रको उत्तिकै भूमिका हुने बताउँदै उहाँले राम्रा नजिर र असल अभ्यासलाई आत्मसात गर्ने प्रतिबद्धता जनाउनुभयो।

सभामुखले भन्नुभयो, "म व्यक्ति नभई इन्ष्टिच्युसनको नेतृत्व गरिरहेको छु। स्वदेशमा मात्र होइन विदेशबाट हेर्दा पनि सम्मान होस्। आफ्नो मूल्यमान्यतामा बसिरहोस्। नचुकोस् भन्ने मेरो मान्यता रहन्छ।" संसद्‌बाट नेपाली जनताले गरेको अपेक्षाभन्दा धेरै र राम्रो नतिजा दिन सकियोस् भन्नेतर्फ आफ्नो ध्यान गएको उल्लेख गर्दै सभामुख अर्यालले कार्यसम्पादनका सिलसिलामा भएका र देखिएका कमीकमजोरी औँल्याइदिएर सहयोग गर्न आग्रह गर्नुभयो।

"जेनजी आन्दोलन, जनताको चेतना, वर्तमान परि दृश्य, निर्वाचनपछि गठनभएको सरकार र जनअपेक्षाजस्ता कुराहरुबीच कहीन काही सम्बन्ध जोडिएका पक्षमा ध्यान पुऱ्याउन आवश्यक छ", उहाँले भन्नुभयो।

## घरमै पुगेर राहदानी वितरण गर्दैं तनहुँ प्रशासन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख

जिल्लामा पहिलोपटक घरमै पुगेर सेवाग्राहीलाई राहदानी उपलब्ध गराइएको छ। सङ्घीय सरकारले अघि सारेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीअन्तर्गत हुलाकमार्फत सेवा विस्तार गर्ने योजनालाई व्यवहारमा उतार्न जिल्लामा पहिलोपटक राहदानी सेवा घरमै वितरण गरिएको हो।

तनहुँको व्यास नगरपालिका-५ बरबोटे निवासी समीक्षा ओझालाई प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले आज घरमै पुगेर राहदानी उपलब्ध गराउनुभएको छ। सरकारले जारी गर्ने प्रमाणपत्रहरू घरमै पुगेर उपलब्ध गराउने निर्णय बमोजिम जिल्लामा राहदानीबाट सेवा सुरु गरिएको उहाँले बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी तिवारीले हुलाक कार्यालयमार्फत सेवा घरदैलो पुऱ्याउने बताउँदै थप्नुभयो, "सेवा प्रदान गर्ने कार्यालयले प्रमाणपत्र हुलाक कार्यालयलाई हस्तान्तरण गर्ने र हुलाक कार्यालयले सम्बन्धित व्यक्तिको घरमा पुऱ्याउने व्यवस्था मिलाइएको छ।" उहाँका अनुसार सेवा लिन आउने बेलामा सेवाग्राहीलाई यो सेवा कार्यालयमा आएर लिने वा घरमै लिने भनेर फारम भराइन्छ। त्यसकै आधारमा सेवा दिइने उहाँको भनाइ छ।

जिल्ला हुलाक कार्यालय तनहुँका प्रमुख शिरिष उपाध्यायले सरकारको १०० बुँदे कार्यसूचीको २७ नम्बर बुँदामा हुलाक कार्यालयलाई प्रभावकारी बनाउने भन्ने उल्लेख भएकामा सोही कार्यान्वयन गर्ने सन्दर्भमा तनहुँमा पहिलोपटक राहदानी घरमै पुऱ्याउने सेवा सुरु गरिएको जानकारी दिनुभयो। उहाँले पहिलो दिन आज सो वडाका चार जनालाई राहदानी घरमै लगेर प्रदान गरिएको बताउनुभयो।

सो सेवा कार्यान्वयनका लागि जिल्लाभरका हल्काराहरुको क्षेत्र निर्धारण गरिएको छ। उहाँले भन्नुभयो, "जसरी चिठीपत्र वितरण गरिन्छ त्यसरी सरकारी कार्यालयबाट जारी हुने कागजपत्र घरमै पुऱ्याउन हामी तयार छौँ।" उहाँका अनुसार राहदानीका लागि फारम भर्ने बेलामा सेवाग्राहीलाई अर्को फारम भर्नुपर्ने व्यवस्था गरिएको छ। परिचय खुल्ने विस्तृत विवरण, घर पहिचानको आधार, मोबाइल नम्बर सबै विवरण पहिल्यै लिने गरिएकाले घरमै पुगेर सेवा दिन सहज हुने उपाध्यायको भनाइ छ।

घरमै राहदानी बुझेपछि समीक्षा ओझाले सरकारको निर्णयले सर्वसाधारणलाई सहज हुने प्रतिक्रिया दिनुभयो। उहाँले सार्वजनिक सेवा प्रविधिमैत्री र सेवाग्राही लक्षित बन्दै जानुपर्नेमा जोड दिनुभयो।

## इन्जिनियरिङ संकायमा दुई दिने क्षमता विकास तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ४ बैशाख

स्कुल अफ इन्जिनियरिङ्ग पोखरा विश्वविद्यालयको आयोजना र संकाय र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहकार्य र सहजिकरणमा स्कुल अफ इन्जिनियरिङ्गको दुई दिने क्षमता विकास तालिम सफलतापूर्वक सम्पन्न भयो।

बिहीबारदेखि सञ्चालित सो तालिमको उद्घाटन सत्रमा उपकुलपति प्रा.डा. बेद राज केसी,




रजिस्ट्रार सह-प्राध्यापक डा. अजय थापा, विज्ञान तथा प्रविधि संकायका डीन सह-प्राध्यापक इन्जिनियर बुद्धिराज जोशी, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्र बाबु तिवारी तथा इन्जिनियरिङ्ग संकायका निर्देशक प्रा.डा. विनय कुमार मिश्रको विशिष्ट उपस्थिति रहेको थियो। उहाँहरूले यस्ता तालिम कार्यक्रमहरूले संस्थागत कार्यसम्पादनमा सुधार ल्याउने, शैक्षिक तथा प्रशासनिक कार्यबीच समन्वय मजबुत बनाउने तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने कुरामा जोड दिनुभयो।

तालिममा अनुभवी विशेषज्ञहरूद्वारा अन्तरक्रियात्मक तथा ज्ञानमूलक सत्रहरू सञ्चालन गरिएका थिए। जसमा सुश्री टोलमाया थापाले शैक्षिक र प्रशासनिक कार्यबीचको अन्तरसम्बन्ध, इन्जिनियर मनोज पौडेलदले जिन्सी व्यवस्थापन तथा लिलामी/विक्री प्रक्रिया, कार्यसम्पादन मूल्याङ्कन र शैक्षिक भ्रमण व्यवस्थापनसम्बन्धी प्रशिक्षण गर्नुभएको थियो भने पुर्व सहसचिव केशव राज ढकालले लेखापरीक्षण बेरुजु र बेरुजु, इन्जिनियर नवीन गौतमले सार्वजनिक खरिद र श्री सुरेन्द्र बाबु तिवारीले समावेशी सञ्चार विषयमा प्रशिक्षण गर्नुभएको थियो। तालिम सत्रहरु अत्यन्तै अन्तरक्रियात्मक र व्यवहारिक बनाइएको थियो र सोही अनुसारको प्रतिक्रिया तालिममा सहभागीहरुको तर्फबाट समेत प्राप्त भएको थियो। जसले गर्दा सहभागीहरूको कार्यशैली र दक्षता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ। पोखरा विश्वविद्यालय अन्तर्गतको इन्जिनियरिङ्ग संकाय, डेभलपमेन्ट तथा सामाजिक इन्जिनियरिङ्ग संकाय र विज्ञान तथा प्रविधि संकाय कार्यक्रमबाट गरी ३० भन्दा बढी प्राध्यापक (मुख्यतः कार्यक्रम संयोजक) तथा कर्मचारीहरूको सहभागिता रहेको थियो।

अन्तिम सत्रमा आर्ट अफ लिभिङ फाउन्डेसनको टोलीद्वारा योग कार्यक्रम सञ्चालन गरिएको थियो र समापन सत्रमा तालिममा सहभागीहरुलाई इन्जिनियरिङ्ग संकायका निर्देशक प्रा.डा. विनय कुमार मिश्र र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीले सयुक्त रुपमा प्रमाणपत्र वितरण प्रमाण पत्र प्रदान गर्नुभएको थियो। कार्यक्रमको समापन इन्जिनियरिङ्ग संकायका निर्देशक प्रा.डा. विनय कुमार मिश्रज्यूले तालिमका मुख्य उपलब्धिहरूको समीक्षा सहित समापन गर्नुभयो। दुई दिन सम्म सञ्चालन गरिएको तालिमको सञ्चालन इन्जिनियरिङ संकायका उपप्रध्यापनक इन्जिनियर सञ्जय बरालज्यूले गर्नुभएको थियो।

**लोकतन्त्र दिवस, २०८३**

◆संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
◆नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
◆विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
◆सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
◆भ्रष्टाचार र अन्यायका विरुद्ध सचेत रहौं,
◆लोकतान्त्रिक मूल्य–मान्यता संरक्षणमा योगदान दिऔं।

सबल लोकतन्त्र, समृद्ध राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सातै प्रदेशका अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणका लागि परियोजना सुरु

**रासस**
काठमाडौं, ४ बैशाख

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) सँगको सहकार्यमा सातै प्रदेशमा अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणका लागि परियोजना सञ्चालन गर्ने भएको छ।

यसअन्तर्गत सात वटै प्रदेशमा गरी कम्तीमा २० वटा अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गरिने जानकारी कार्यक्रममा गराइएको थियो। सात वटा प्रदेशका १७ समुदायका सांस्कृतिक परम्परालाई यसमा समेटिने भएको छ। राजधानीमा शुक्रबार आयोजित कार्यक्रममा यस्तो घोषणा गरिएको हो।

कार्यक्रममा मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले नेपाल समृद्ध सांस्कृतिक परम्परा रहेको मुलुक भएको उल्लेख गर्नुहुँदै अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गरिनुपर्नेमा जोड दिनुभयो। प्रकृतिको पूजा गरेर पानी पर्ने, घैला फुटाएर पानी पर्नेलगायत विश्वास नेपालका विभिन्न जातजातिमा रहेको उहाँले सुनाउनुभयो। अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण समुदाय जागृत भएर लागेपछि मात्र हुने सचिव निरौलाको भनाइ थियो। यसका लागि मन्त्रालयले आवश्यक नीति, कानुन बनाउने प्रतिबद्धता उहाँको थियो।

नेपालका लागि युनेस्कोका प्रतिनिधि जाको डु तोइटले नेपालमा रहेका महत्वपूर्ण अभौतिक सांस्कृतिक सम्पदालाई सूचीकरणका लागि यो परियोजनाले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। यसका लागि समुदालाई जागरण गराउन परियोजनाले मद्दत मिल्ने उहाँको भनाइ थियो।

मन्त्रालयका संस्कृति महाशाखा प्रमुख डा सुरेशसुरस श्रेष्ठले अभौतिक सांस्कृतिक सम्पदालाई कसरी सूचीकरण गराउने भन्ने विषयमा प्रस्तुति दिनुभएको थियो। नेपालमा सूचीकरण भएपछि मात्र युनेस्कोमा सूचीकरण गर्ने व्यवस्था भएकाले राष्ट्रिय सूचीकरणलाई प्राथमिकता दिन आह्वान गर्नुभएको थियो। सरकारले पहिलो वर्ष आह्वान गरेको सूचीकरण आवेदनमा १०५ वटा आवेदन परेकामा ललितपुरको योमरी सूचीकरण हुन सफल भएको थियो। १०४ वटा आवेदनले प्रक्रिया पूरा नगरेकाले यस वर्ष फेरि तिनलाई प्रक्रिया पुग्ने गरी ल्याउन सहजीकरण भइरहेको सहसचिव श्रेष्ठले जानकारी गराउनुभयो। चालु आर्थिक वर्षको गत चैत १५ गतेसम्म अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणका लागि आह्वान भएकामा १२ वटा मात्र आवेदन परी त्यसका बारेमा मूल्याङ्कन र सिफारिसको काम भइरहेको उहाँले सुनाउनुभयो। नेपालले सन् २०१० मै अभौतिक सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि अनुमोदन गरेको थियो। अनुमोदन गरेको छ वर्षपछि अर्थात् सन् २०१६ मा यससम्बन्धी आवधिक प्रतिवेदन पेस गर्नुपर्ने भए पनि संयुक्त राष्ट्रसङ्घले निर्देशिका परिवर्तन गरेका कारण त्यसको छ वर्षपछि गत वर्ष सरकारले प्रतिवेदन पेश गरेको थियो। संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २००३ अक्टोबर १७ मा यो महासन्धि पारित गरेको थियो। सन् २००६ देखि कार्यान्वयनमा आएको महासन्धिलाई नेपालले भने सन् २०१० मा अनुमोदन गरेको थियो।

अनुमोदन गरेको छ वर्षपछि प्रतिवेदन पेश गर्नुपर्ने नियमअनुसार तयारी गरिरहेका बेला संयुक्त राष्ट्रसङ्घले यससम्बन्धी निर्देशिका परिवर्तन गरेको थियो। निर्देशिका परिवर्तन गरेको छ वर्षपछि प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था बमोजिम गत वर्ष मन्त्रालयले प्रतिवेदन पेस गरेको हो। नेपाल मूर्त, अमूर्त मौलिक सांस्कृतिक सम्पदामा धनी भए पनि अझैसम्म त्यसको सूचीकरणले व्यापकता पाउन सकेको छैन। गत वर्ष ललितपुरको योमरी राष्ट्रिय सूचीकरण भई युनेस्कोमा पनि सूचीकरणका लागि पठाइएको छ। अब सरकारले प्राथमिकताका साथ अभौतिक अर्थात् अमूर्त सांस्कृतिक सम्पदाको सूचीकरण गर्ने जनाइएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा म्याराथनको रजत महोत्सव समापन वैशाख ८ मा

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख

पोखरा अन्तर्राष्ट्रिय म्याराथनको आयोजक संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चको रजत महोत्सव समापन वैशाख ८ मा हुने भएको छ।

कार्यसमितिको पूर्ण बैठकले मञ्चको रजत महोत्सव समापन, पुनर्मिलन समारोह तथा राष्ट्रिय खेलकुद पुरस्कार वितरण कार्यक्रम आगामी वैशाख ८ गते मंगलवार कार्की डाँडा आयोजना हुने भएको मञ्चका अध्यक्ष दिल बहादुर गुरुङले जानकारी दिए।

उक्त कार्यक्रम मार्फत नेपाली खेलकुद क्षेत्रमा विशेष योगदान पुऱ्याएकोले स्वर्गीय शरदचन्द्र



शाहलाई मरणोपरान्त राष्ट्रिय खेलकुद पुरस्कार अर्पण गर्ने निर्णय भएको अध्यक्ष गुरुङले उल्लेख गरे। समारोहमा स्वर्गीय शाहका परिवारलाई नगद १ लाखसहित पदक र सम्मानपत्रले सम्मान गरिने छ अध्यक्ष गुरुङले खुलाए।

स्वर्गीय शाहले २०३४ सालदेखि २०४५ सालसम्म राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवका रूपमा कार्य गर्दै नेपाली खेलकुदको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका थिए। उक्त अवधिलाई नेपाली खेलकुदको स्वर्ण युगका रूपमा समेत लिइन्छ। उनले राष्ट्रिय खेलकुद प्रतियोगिता, नगर खेलकुद प्रतियोगिता तथा दक्षिण एसियाली खेलकुद प्रतियोगिताको परिकल्पना गरी खेलकुदलाई संस्थागत र चलायमान बनाउन उल्लेखनीय भूमिका निर्वाह गरेका थिए।

नेपाली खेलकुदलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न उनको योगदानलाई कदर गर्दै संस्थापक अध्यक्ष खड्गबहादुर रानाभाटको संयोजकत्वमा गठित पुरस्कार छनोट समितिको सिफारिस बैठकले अनुमोदन गरेको कार्यक्रम संयोजक हरिप्रसाद पराजुलीले बताए। राष्ट्रिय खेलकुद पुरस्कारको नगद राशि संस्थापक मञ्चका संस्थापक खड्क रानाभाटले आजीवन प्रायोजन गर्ने घोषणा गरेका थिए। उक्त पुरस्कार हरेक दुई वर्षमा वितरण गरिने छ। मञ्चले रजत बर्ष महोत्सवको अवसर पारेर १२ महिना १२ कार्यक्रम घोषणा गरेको थियो, सोहि अनुसार हाल सम्म १६ ओटा कार्यक्रम सम्पन्न भइसकेको मञ्चका रेस डाइरेक्टर तेज बहादुर गुरुङले बताए।



मातातीर्थ औँशीको दिन मुक्तिनाथमा भक्तजनको भीड : हिन्दु तथा बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्र मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मा अवस्थित चर्चित धार्मिकस्थल मुक्तिनाथ मन्दिरमा श्रद्धालु भक्तजनको भीडभाड। आज मातातीर्थ औँशी तिथिको अवसर पारेर आएका आएका श्रद्धालु भक्तजनले मुक्तिनाथ मन्दिर भरिभराउ भएको हो। तस्बिरः सुशीलबाबु थकाली/रासस

# जनप्रिय माविमा नवनिर्वाचित समितिको पदस्थापना

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख

पोखरा ८ सिमलचौर स्थित जनप्रिय माध्यमिक विद्यालयमा गठन भएको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको पदस्थापना भएको छ। विद्यालयको चौतर्फी हित गर्न गठित समितिका सदस्यलाई पदस्थापना गरिएको विद्यालयका प्रअ देवीप्रसाद वस्ताकोटीले जानकारी दिए।

निवर्तमान बनेका अध्यक्ष परशुराम बरालले नवनिर्वाचित अध्यक्ष ईश्वरप्रसाद सुवेदीलाई पदस्थापना गराउँदै माइनुट समेत हस्तान्तरण गरेका थिए। व्यवस्थापन समितिमा सरस्वती शाही पोखेल, टंकप्रसाद सुवेदी र देवीप्रसाद त्रिपाठी, शुष्मा खनाल सिग्देल र वसन्तप्रसाद सिग्देल रहेका छन्। विद्यालयको सभाहलमा भएको कार्यक्रममा नवनिर्वाचित शिक्षक अभिभावक संघको अध्यक्ष केदार धमला तथा संघका सदस्यहरु कवितादेवी ढकाल रेग्मी, रिङ्कु जैसवाल, माया पाण्डे, पानमाया परियार, अनु सिंह, सुशिला श्रेष्ठ र सपना पराजुलीलाई पदस्थापन गरिएको विद्यालयका सहायक प्रअ ऋषिराम अधिकारीले जानकारी दिए। पदस्थापना समारोहमा पोखरा




महानगर वडा नं ८ का वडाध्यक्ष रुद्रनाथ बरालले विद्यालयको प्रगति र उन्नतीको लागि निरन्तर सहयोग गर्न वडा तयार रहेको बताउँदै विद्यालयलाई करोडौं रुपैयाँ आवश्यक परे लगानी गर्न तयार रहेको बताए। शिक्षा नियमावली २०७४ को विभिन्न नियम तथा विनियम अनुरुप विद्यार्थीको हितमा विद्यालयले गर्नु पर्ने शैक्षिक गतिविधि अन्तर्गत विद्यालयलाई नमुना बनाउन विद्यालयका प्रअ देवीप्रसाद बस्ताकोटी आफू विद्यालय व्यवस्थापन समिति तथा संघको सदस्य सचिव भएको नाताले सबै कसरत गर्ने उल्लेख गरेका थिए। पदस्थापन कार्यक्रममा प्रअ वस्ताकोटीले कास्कीको मात्र नभई राष्ट्रलाई योगदान दिन सक्ने शैक्षिक एवं योग्य जनशक्ति उत्पादन गर्न विद्यालयले रचनात्मक शैक्षिक कार्यक्रम ल्याउन विव्यासले पूर्ण सहयोग गर्नेमा आफू विश्वस्त भएको बताए। विद्यालयका सहायक प्रअ ऋषिराम अधिकारीले सञ्चालन गरेको पदस्थापन कार्यक्रममा प्रतिवद्धता जनाउँदै नवर्निवाचित अध्यक्ष ईश्वर प्रसाद सुवेदीले विद्यालयलाई पूर्ण सहयोग रहने धारणा राखेका थिए। पदस्थापन कार्यक्रममा नवनिर्वाचित अध्यक्ष केदार धमलाले विद्यालय सधै पहिलो भन्ने मान्यता ग्रहण गर्न शिक्षक तथा कर्मचारीलाई अनुरोध गरेका थिए। शैक्षिक सत्र सुरुवातमा पुस्तक वितरण, भर्ना प्रक्रिया तथा अभिभावकको चाहनालाई ध्यान दिदै सरल र सहज ढंगको वातावरण सिर्जना गर्न धमलाले अनुरोध गरेका थिए। शिक्षक अभिभावक संघको पहिलो बैठक समेत बसेको छ।

संघका अध्यक्ष केदार धमलाको अध्यक्षतामा बसेको बैठक सदस्य सचिव प्रअ देवीप्रसाद बस्ताकोटीले सञ्चालन गरेका थिए। वैठकमा विषयगत सुधार गर्ने, महानगरको निर्देशन अनुरुप कक्षा सुचारु गर्ने, शिक्षक तथा कर्मचारीबाट हुने लापर्वाहीलाई न्यूनीकरण गर्ने, अभिभावकको उपस्थिति तथा हेरचाहलाई कडाइ गर्ने, वडा नं ८ मा रहेका राम आधार भूत, जनप्रिय मावि र जनप्रिय क्याम्पसलाई एक आपसमा समन्वय गरेर शैक्षिक क्षेत्रमा नमुना वडा स्थापित गर्ने अभियानलाई अगाडि बढाउने निर्णय भएको शिक्षक अभिभावक संघका अध्यक्ष धमलाले जानकारी दिए।

# भारत सरकारको सहयोगमा स्वास्थ्यचौकी

पोखरापत्र संवाददाता
बागलुङ, ४ बैशाख

भारत सरकारको सहयोगमा बागलुङको बडिगाड गाउँपालिका-७ मा भीमगिठे स्वास्थ्यचौकीको शिलान्यास गरिएको छ।

उक्त भवनको आज बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारी र भारतीय राजदूतावास काठमाडौँका द्वितीय सचिव अजयकुमार सिंहले संयुक्त रूपमा शिलान्यास गर्नुभएको हो।

भारत सरकारको आर्थिक सहयोग करिब रु दुई करोड ५० लाखमा स्वास्थ्यचौकी निर्माण हुन लागेको हो। यो स्वास्थ्यचौकी उच्च प्रभाव सामुदायिक विकास



परियोजना बागलुङको बडिगाड गाउँपालिकामार्फत कार्यान्वयन गरिनेछ। सो अवसरमा बडिगाड गाउँपालिकाका अध्यक्ष तथा अन्य सरोकारवालाहरूले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो। साथै उहाँहरूले नयाँ संरचनाले बडिगाड गाउँपालिकामा स्वास्थ्य सेवाको पहुँचमा सुधार ल्याउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो। नजिकका छिमेकीका रूपमा भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ।

# आलु महोत्सव शनिबार सकिदै

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख

१४ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सव शनिबार सकिदैछ। समापन समारोहलाई पोखरा महानगरपालिका प्रवक्ता समेत रहेका पोखरा २५ का अध्यक्ष मोतिलाल तिम्सिनाले सम्बोधन गर्ने कार्यक्रम छ।

समापन अवसरमा रत्यौली गीत, कृषि झाँकी प्रतियोगिताको नतिजा पनि सार्वजनिक गर्दै विजेता समूहलाई पुरस्कृत गरिनेछ। त्यस्तै सहयोगी विभिन्न संघसंस्था एवम् व्यक्तिलाई पनि सम्मान गर्ने कार्यक्रम रहेको आयोजक विष्णुपादुका क्लवका अध्यक्ष वसन्तकुमार श्रेष्ठले जानकारी दिए।

महोत्सवको ८ औं दिन शुक्रबारसम्म ८५ हजार दर्शक बढीले महोत्सव अवलोकन गरेका छन्। जसमध्ये कुल ६ हजार ४ सय ४५ बढी घरपरिवारले आलु किनी लगेको आलु तथा कृषि उपज व्यवस्थापन उपसमिति संयोजक अर्जुन कार्कीले जानकारी दिए। उनले शुक्रबार साँझसम्म गरी कुल ३३ लाख ४५ हजार बढीको आलु कारोवार भएको पनि सुनाए।

महोत्सवमा शुक्रबार कलाकारहरु एलिना चौहान, चोलेन्द्र पौडेल, सुरेशरमण अधिकारी, विष्णु ढुङ्गाना, सुनिता नेपाली, नेत्र खड्का, मुना अर्याल, परशुराम अधिकारी लगायतले प्रस्तुति राखे। त्यस्तै विष्णुपादुका माविको समूह एवम् आदित्य



परियारले नृत्य देखाई दर्शकलाई नचाए भने चापाघाट आमा समूहले रत्यौली गीत प्रतियोगिता अन्तर्गत आफ्नो प्रस्तुति राख्यो।

त्यस्तै महोत्सव समापनको दिन शनिबार कलाकारहरु प्रकाश सपुत, प्रेमराज अधिकारी, सुनिता नेपाली, सीता परियार, राजेश भण्डारी, रमा गौतम लगायतका प्रस्ततिहरु रहने मुल आयोजक समितिका महासचिव विकल थापाले जानकारी दिए।

# स्वर्गीय सरद चन्द्र शाहलाई भूतपूर्व खेलाडी मञ्चद्वारा मरणोप्रान्त सम्मान अर्पण गर्ने

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख

नेपाल भूतपूर्व खेलाडी मञ्चले नेपाली खेलकुद क्षेत्रमा दीर्घकालीन योगदान पुऱ्याउनुभएका स्वर्गीय सरद चन्द्र शाहलाई मरणोप्रान्त सम्मान अर्पण गर्ने भएको छ।

मञ्चको हालै सम्पन्न पूर्ण बैठकले उक्त निर्णय गरेको मञ्चका अध्यक्ष दिल बहादुर गुरुङले बताउनु भयो। यही वैशाख ८ गते मंगलबार कार्की डाँडामा आयोजना हुने विशेष समारोहका बीच स्वर्गीय शाहलाई सम्मान अर्पण गरिने भएको हो भने उक्त अवसरमा उहाँका परिवारजनलाई नगद रु। १ लाख, पदक तथा सम्मानपत्र प्रदान गरिने भएको उहाँले जनाउनु भयो।

स्वर्गीय शाहले २०३४ सालदेखि २०४५ सालसम्म राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवका रूपमा रही महत्वपूर्ण योगदान दिनुभएको थियो। उहाँको कार्यकाललाई नेपाली खेलकुदको इतिहासमा 'स्वर्ण युग'का रूपमा लिइन्छ। खेलकुदलाई संस्थागत र चलायमान बनाउन उहाँले राष्ट्रिय खेलकुद प्रतियोगिता, नगर खेलकुद प्रतियोगिता तथा दक्षिण एसियाली खेलकुद प्रतियोगिताको परिकल्पना गरी कार्यान्वयनमा ल्याउनुभएको थियो। मञ्चले उहाँको योगदानलाई उच्च मूल्यांकन गर्दै संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाटको संयोजकत्वमा गठित पुरस्कार छनोट समितिको सिफारिस अनुमोदन गरेको जनाएको छ। साथै, राष्ट्रिय खेलकुद पुरस्कारको नगद राशि रु १ लाख रानाभाटद्वारा आजीवन प्रायोजन गर्ने घोषणा गरिएकोमा मञ्चले आभार व्यक्त गरेको छ। उक्त समारोहकै अवसरमा मञ्चको रजत महोत्सव समापन, पुनर्मिलन कार्यक्रम तथा राष्ट्रिय खेलकुद पुरस्कार वितरण समेत गरिनेछ। मञ्चले राष्ट्रिय खेलकुद पुरस्कार हरेक दुई वर्षमा वितरण गर्ने निर्णय समेत गरेको छ। यसैबीच, मञ्चका निवर्तमान अध्यक्ष तथा भलिबलका अन्तर्राष्ट्रिय खेलाडी हरिप्रसाद पराजुली प्रदेश खेलकुद परिषद्को सल्लाहकार संयोजक पदमा मनोनीत हुनुभएकोमा बैठकले बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ। पोखरा म्याराथनको आयोजक संस्था नेपाल नेपाल भूतपूर्व खेलाडी मञ्चले विभिन्न कार्यक्रम गरी रजत महोत्सव मनाउदै गरेको छ।

# छ सय विद्यार्थीको नि:शुल्क स्वास्थ्य बिमा

पोखरापत्र संवाददाता
वालिङ, ४ बैशाख

भिरकोट नगरपालिका-८ नम्बर वडा कार्यालयले यहाँका ११ सामुदायिक विद्यालयमा अध्ययनरत ६०० जना विद्यार्थीको स्वास्थ्य बिमा गर्न थालेको छ।

यही वैशाख १ गतेदेखि वडाले बालमैत्री शीर्षकअन्तर्गत बाल कक्षादेखि १० कक्षासम्म अध्ययनरत विद्यार्थीलाई रु एक लाखसम्मको नि:शुल्क स्वास्थ्य बिमा गर्न सुरु गरेको हो। वडाध्यक्ष नन्दलाल खनालका अनुसार वडाका सामुदायिक विद्यालयमा नर्सरीदेखि कक्षा १० सम्म अध्ययन गर्ने विद्यार्थीलाई वडाले जन्मदर्ताका आधारमा हरेक विद्यार्थीको रु एक लाख बराबरको स्वास्थ्य बिमा गर्न प्रारम्भ गरेको हो। उहाँले भन्नुभयो, "८ नं वडा भएको भिरकोट नगरपालिकाभित्रका जुनसुकै सामुदायिक वा संस्थागत विद्यालयमा अध्ययन गरे तापनि वडाले निशुल्क स्वास्थ्य बिमा गरिदिने भएको हो।" स्वास्थ्य बिमा लागू भएका अस्पतालबाट बिमाअनुसार नै उपचार हुने र अन्य अस्पतालहरूमा उपचारको रसिदका आधारमा भुक्तानी हुने उहाँले जानकारी दिनुभयो। यो वडाले जन्मदर्ता प्रोत्साहन गर्न बच्चा जन्मेपछि खाता खोलेर रु पाँच हजार जम्मा गरिदिँदै आएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पर्वतको हम्पाल र कोखेडाँडामा पर्यटकको आकर्षण बढ्यो

लक्ष्मीप्रसाद सापकोटा
पर्वत, ४ बैशाख/रासस

यो समय घुमघामका लागि अनुकूल मानिन्छ । जताततै लालीगुराँस फुल्नुका साथै मौसम पनि हरियाली बनेको छ। अहिले नयाँ वर्षको अवसर, सरकारले सातामा दुई दिन सार्वजनिक बिदा दिनेलगायत कारण घुम्न मन पराउनेहरूलाई अनुकूल समय बनेको हो।

नेपालको प्रचलित पर्यटकीय क्षेत्रहरूमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढिरहेका बेला पर्वतको सबैभन्दा उचाइमा रहेको नयाँ गन्तव्य कोखेडाँडा र हम्पाल क्षेत्रमा पर्यटकको घुइँचो लाग्ने गरेको छ । मोदी गाउँपालिका–१ झिलिबराङस्थित कोखेडाँडा पर्यटकको नयाँ गन्तव्यका रूपमा विकास हुँदै गएको आकर्षक स्थान हो । समुद्री सतहबाट तीन हजार ३०९ मिटरको उचाइमा रहेको यो स्थान निकै मनमोहक र सुन्दर छ। यो जिल्लाकै सबैभन्दा उच्च स्थान पनि हो। छिमेकी जिल्ला म्याग्दीको प्रसिद्ध पर्यटकीयस्थल मोहोरेडाँडाबाट करिब आधा घण्टाको पैदलयात्रामार्फत पुग्न सकिने कोखेडाँडाबाट यतिबेला रङ्गीबिरङ्गी लालीगुराँस, सूर्योदय, सूर्यास्त, अन्नपूर्ण, माछापुच्छ्रे, धवलागिरि, निलगिरिलगायत दर्जनौँ हिमशृङ्खला नजिकबाट अवलोकन गर्न सकिन्छ। यहाँबाट पर्वत, कास्की, स्याङ्जा, बागलुङ, म्याग्दी, लमजुङ, तनहुँ जिल्ला प्रत्यक्ष रूपमा देख्न सकिन्छ।

लामो समयदेखि पर्यटन क्षेत्रको विकासमा लाग्नुभएका लेखबहादुर गुरुङले कोखेडाँडामा कटेज स्थापना गरेपछि यहाँ पर्यटकको चहलपहल बढ्दै गएको बताउनुभयो । गुरुङले रु एक करोड २० लाखको लगानीमा आपा कटेज स्थापना गरी सञ्चालन गरिरहनुभएको छ। कटेजमा एक रातमा नेपाली ४० जनासम्म बास बस्न मिल्ने बताउँदै उहाँले विदेशी १५ जनासम्म राख्न सकिने जानकारी दिनुभयो। अहिले अग्रिम बुकिङ गरेर आउनेहरूको सङ्ख्या उल्लेख्य रहेको गुरुङले बताउनुभयो । विदेशीभन्दा



स्वदेशी पर्यटक बढी आउने गरेका उहाँको भनाइ छ।

बस्नका लागि स्थान सीमित भए पनि दैनिक सयौँ पर्यटक आएर अवलोकन गरी फर्किने गरेका गुरुङले बताउनुभयो। उहाँले आफ्नो कटेजमा आउने आन्तरिक र बाह्य पर्यटकलाई छुट्टाछुट्टै दररेटको दरभाउ (प्याकेज) बनाएको जानकारी दिनुभयो । कोखेडाँडामा विभिन्न ३० देशका झन्डासमेत राखिएको छ। बाह्य पर्यटकको आकर्षण बढाउनका लागि भारत, एसियासहित अधिकांश मुलुकका साथै, युरोपियन मुलुक, अष्ट्रेलिया र अमेरिकन देशका झन्डाहरूले सजाएर आकर्षक बनाइएको छ।

पर्यटकीयस्थल कोखेडाँडा जानका लागि पर्यटकले तीनवटा मार्ग प्रयोग गर्दै आएका छन् । कास्कीको नयाँपुल–उल्लेरी–बनठाँटी हुँदै पैदल हिँडेर कोखेडाँडा पुग्न सकिन्छ। त्यसैगरी पातीचौर–बाजुङ–क्याङ–लेसपारसम्म गाडीमा यात्रा गरी त्यहाँबाट करिब सात घण्टाको पैदलयात्रामार्फत पनि कोखेडाँडा पुग्न सकिन्छ। त्यस्तै पर्वतको जलजला गाउँपालिकाअन्तर्गत मिलनचोक–शालिजा–तारे–हम्पालसम्म सवारीसाधनमार्फत यात्रा गरेर तीन घण्टाको पैदलयात्रा गरी कोखेडाँडा पुग्न सकिन्छ । कोखेडाँडासँगैको अर्को गन्तव्य हो पर्वतको हम्पाल डाँडा । जलजला गाउँपालिका र मोदी गाउँपालिकाको सङ्गमस्थलमा अवस्थित धार्मिक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण मानिने यो क्षेत्र समुद्री सतहदेखि तीन हजार ३०० मिटरको उचाइमा अवस्थित यो डाँडामा नेपालकै सबैभन्दा बढी १२ थरिका लालीगुराँस पाइन्छन्। फागुनदेखि जेठसम्म विभिन्न प्रजातिकालालीगुराँसलेरङ्गीबिरङ्गी हुने हम्पालमा लालीगुराँस हेर्न, टिप्न, तस्बिर, भिडियो खिच्न तथा टिकटक बनाउनका लागि आउने आन्तरिक पर्यटकको सङ्ख्या पछिल्लो समय बढेको स्थानीय पर्यटन व्यवसायी तिलक पुनले बताउनुभयो। उहाँका अनुसार यहाँ रातो, सेतो, पहेँलो, हरियो, नीलो, खैरो, गुलाबी, बैजनीलगायत रङका लालीगुराँसहरू फुल्ने गर्दछन् । हम्पालमा पछिल्लो समय सडक मार्ग र पदमार्ग दुवैको पहुँच बढेपछि घुम्न आउने पर्यटकको सङ्ख्या बढेको मोदी गाउँपालिका–४ लेसपारका पर्यटन व्यवसायी नरसिंह पुनले जानकारी दिनुभयो । "जता हेरे पनि गुराँसैगुराँस देखिन्छ, आँखै तिरमिराउनेगरी फुलेको देख्न सकिन्छ", उहाँले भन्नुभयो।

विद्यालय तथा क्याम्पसका विद्यार्थी, शिक्षक, विभिन्न सङ्घसंस्थामा अध्ययन गर्ने विद्यार्थी खोज तथा अनुसन्धान गर्न तथा विदेशी पर्यटकसमेत हम्पालमा आउने गरेको पर्यटन व्यवसायी पुनले बताउनुभयो । विभिन्न पुराणमा वर्णन गरिएको पवित्र कालञ्जर भूमिका रूपमा अवस्थित हम्पाल तथा जलजला क्षेत्र हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थल र धार्मिक गन्तव्यका रूपमा विकास भएको छ। जलजला गाउँपालिका–५ र ६ तथा मोदी गाउँपालिका–१, ३ र ४ मा अवस्थित हम्पाल क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउन सङ्घीय, प्रदेश र गाउँपालिकाले संयुक्त रूपमा पूर्वाधार निर्माण थालेका छन्।पर्यटकका लागि आश्रयस्थल, भ्यूप्वाइन्ट, खानेपानीको व्यवस्था, शौचालय निर्माण र सडक स्तरोन्नतिलगायतका पूर्वाधारसमेत निर्माण गरिसकिएको छ।

जलजलामा विगत तीन वर्षदेखि होटल व्यवसाय गर्दै आएका टीका पुनले लालीगुराँस हेर्नका लागि आउने पर्यटकले दैनिकजसो होटल भरिभराउ हुने गरेको बताउनुभयो। दैनिक होटल बुकिङ गर्नेको सङ्ख्या उल्लेख्य रहेको उहाँको भनाइ छ। लालीगुराँस हेर्न आउनेहरू एक दिन हम्पालमा बसेर अर्को दिन पर्वतको कोखेडाँडा, ताप्राङ र म्याग्दीको पुनहिल, घोरेपानी, मोहोरेडाँडातर्फ जाने गरेका पुनले जानकारी दिनुभयो।

मोदी र जलजला गाउँपालिकाले संयुक्त रूपमा लगानी गरेर गत मङ्सिरमा विद्युतीकरणसमेत गरिसकेका छन् भने अब सञ्चारको सुविधाका लागि पहल भइरहेको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार जलजलाबाट हिमशृङ्खला, सूर्योदय, सूर्यास्त र मनोरम पहाडी भूगोलको अवलोकन गर्न सकिन्छ। धवलागिरि, अन्नपूर्ण, निलगिरि, गुर्जा, पुथा, माछापुच्छ्रे, मनास्लुलगायत १६ भन्दा बढी हिमालका साथै पर्वत, बागलुङ, म्याग्दी, कास्की, स्याङ्जा, गुल्मी, पाल्पा, गोरखा, तनहुँ, लमजुङसम्मको भूगोल अवलोकन गर्न सकिने सुन्दर पर्यटकीयस्थल हो । जलजलामा ठूलो मैदान छ। सोही मैदान सम्याएर कृत्रिम तलाउ बनाउने योजनाअनुरुप डिपिआरको काम सकिएको उपाध्यक्ष आचार्यले बताउनुभयो।

यसैबीच नेपाल पत्रकार महासङ्घ पर्वतको टोलीले हम्पाल, जलजला र कोखेडाँडाको पर्यटन प्रवर्द्धनका लागि दुईदिने पदयात्रा गरेको छ । पदयात्राका क्रममा यस क्षेत्रमा विस्तार भएको पूर्वाधार, पर्यटनको सम्भावना, चुनौती र भावी योजनाका बारेमा छलफल तथा अन्तर्क्रियाका साथै अवलोकनसमेत गरेको पत्रकार महासङ्घका अध्यक्ष लक्ष्मण सापकोटाले जानकारी दिनुभयो।

# १० औं पोखरा स्पोर्टस अवार्डको सह प्रायोजकमा केल्मी नेपाल

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख

रारा तैयारी चाउचाउको मुख्य प्रायोजनमा हुने १० औं पोखरा स्पोर्टस अवार्डमा केल्मी नेपालले सह प्रायोजकमा रहेर साथ दिने भएको छ।

स्पेनको खेलकुद ब्राण्ड केल्मेको नेपालका लागि आधिकारीक बिक्रेता केल्मी नेपाल र पोखरा स्पोर्टस अवार्ड आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी बीच १० औं पोखरा स्पोर्टस अवार्डमा एक अर्काबिच सहकार्य गर्ने गरि सम्झौता भएको हो। सम्झौतामा केल्मी नेपालका प्रवन्ध निर्देशक उत्तम न्यौपाने र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्थाले हस्ताक्षर गरे। सो अवसरमा वोल्दै केल्मी नेपालका प्रवन्ध निर्देशक उत्तम न्यौपानेले केल्मे नेपालले खेलकुदको क्षेत्रमा साथ, सहयोग र सहकार्य गर्दै आइरहेको र पर्यटकीय राजधानी पोखरामा आयोजना हुने १० औं पोखरा स्पोर्टस अवार्डमा समेत सहयोग रहने प्रतिबद्धता व्यक्त गरे। गण्डकी प्रदेशका खेलाडीहरुलाई लक्षित गरि आयोजना गरेको अवार्डको सफलताको कामना समेत गरे।

केल्मी नेपालले केल्मी ब्राण्डको फुटबल, फुटसल जुत्ता, खेलकुद कपडा जर्सी, ट्र्याकसुट, शर्ट, खेलकुदका सामाग्रीहरु ब्याग मोजाको बिक्री वितरण गर्दै आइरहेको र विशेषगरी नेपाली खेलाडी र क्लबहरुले बढी मात्रामा रुचाएको न्यौपानेको भनाई थियो। मञ्चका अध्यक्ष एमबी आस्थाले अन्तराष्ट्रिय ब्राण्ड केल्मीको आधिकारीक बिक्रेता केल्मी नेपाल संग सहकार्य गर्न पाउदा खुसी लागेको बताए। विभिन्न आठ विधामा आयोजना हुने पोखरा स्पोर्टस अवार्डमा केल्मी संग सहकार्य गरेर अगाडी बढ्न पाउदा खेलकुद क्षेत्रमा साथ र सहयोग गर्दै आइरहेको केल्मी प्रति आभार प्रकट गरे। आगामी बैशाख १८ गते पोखरा इभेन्ट सेन्टरमा आयोजना हुने १० औं संस्करणको पोखरा स्पोर्टस अवार्डमा विभिन्न आठ विधामा अवार्ड प्रदान गरिदै छ। जसमा लाइफटाईम एचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलाडी पुरुष, वर्ष उत्कृष्ट महिला, वर्ष उदियमान खेलाडी, वर्ष उत्कृष्ट खेल संघ संस्था, पिपुल्स च्वाइस अवार्ड र वर्ष उत्कृष्ट खेल पत्रकार रहेका छन। पोखरा स्पोर्टस अवार्डमा पिपुल्स च्वाइस अवार्डका लागि गुरुङ गहना घर प्रालिले स्कुटर प्रायोजन गरेको छ । अवार्डका लागि गण्डकी प्रदेश सरकार,प्रदेश खेलकुद परिषद् गण्डकी, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद काठमाण्डौ, केल्मी नेपाल, नेपाल खेलकुद पत्रकार मञ्च काठमाण्डौ, होटल क्राउन प्लाजा काठमाण्डौ, जिल्ला खेलकुद बिकास समिति कास्की, बुल्स मेन क्लबका संस्थापक इश्वर गुरुङ (हडकड), रुपा गाउँपालिका, मादी गाउँपालिका, अन्नपूर्ण गाउँपालिका र माछापुच्छ्रे गाउँपालिकाको विशेष सहयोग रहेको छ। त्यसैगरी सहयोगीहरुमा सहारा क्लब, टाइगर ग्रुप अफ पोखरा, तमु धिं युके, मञ्चका पूर्व अध्यक्ष प्रेम नारायण न्यौपाने, पत्रकार महासंघ जापानका पूर्व अध्यक्ष तथा मञ्चका पूर्व अध्यक्ष मोहन घले, विनोद गुरुङ, जापानबाट युवराज गुरुङ, निशान रानामगर, रमेश कुमार गुरुङ, पूर्व राष्ट्रिय खेलाडी बसन्त गौचन, किरण थापा अष्ट्रेलिया र राइनो हस्पिटालिटी एण्ड होटल म्यानेजमेन्ट प्रालि (राइनो क्याफे एण्ड शवार्मा स्टेशन) रहेका छन। अन्य सहयोगी संघ संस्थाको सहयोग आउने क्रम जारी रहेको छ।

# वन्यजन्तु सप्ताह विभिन्न कार्यक्रमसहित मनाइँदै

पोखरापत्र संवाददाता
चितवन, ४ बैशाख

३१औँ राष्ट्रिय वन्यजन्तु सप्ताह विभिन्न कार्यक्रमसहित मनाइँदै छ। यही बैशाख १ गतेदेखि सुरु भएको सप्ताह चितवन राष्ट्रिय निकुञ्ज तथा सरोकारवालाहरूले विभिन्न कार्यक्रमहरूसहित मनाइरहेका छन्।

यसै क्रममा शुक्रबार सिमसार तथा नदी सरसफाइ गरिएको छ । सौराहादेखि गोलाघाटसम्म र नारायणी नदीको पश्चिमी किनार क्षेत्र सरसफाइ गरिएको निकुञ्जका सूचना अधिकारी अविनास थापामगरले जानकारी दिनुभयो । सिमसार क्षेत्र र नदी सरसफाइले वन्यजन्तुका लागि आवश्यक पानीको परिपूर्ति गर्ने भएकाले हरेक वर्ष वन्यजन्तु सप्ताहमा यो कार्यक्रम गरिँदै आएको उहाँले बताउनुभयो। यस्तै वैशाख १ गते निकुञ्जको कार्यालयमा झण्डा फेर्ने र सरसफाइ गरिएको, वैशाख २ गते चरा अवलोकन, ३ गते प्लाष्टिक निषेधित क्षेत्र घोषणा कार्यान्वयनसम्बन्धी सरोकारवालाहरूसँग छलफल गरिएको थियो।

५ गते शनिबार मानव वन्यजन्तु सहअस्तित्वसम्बन्धी छलफल तथा अन्तर्क्रिया, ६ गते आइतबार विद्यालयस्तरीय चित्रकला प्रतियोगिता तथा वन्यजन्तुबाट टुहुरा बनाइएका बालबालिकालाई छात्रवृत्ति प्रदान र अन्तिम दिन ७ गते सोमबार वन्यजन्तु बासस्थान व्यवस्थापनसम्बन्धी स्थलगत जागरण तथा अन्तर्क्रिया गरिने छ। यस्ता कार्यक्रमहरूले वन्यजन्तु संरक्षणमा समुदायको भूमिकाका बारेमा जानकारी दिँदै संरक्षणमा टेवा पुग्ने उहाँले बताउनुभयो। उहाँका अनुसार वन्यजन्तु सप्ताहले वन्यजन्तु र सिमसार क्षेत्रले मानव जीवनमा पार्ने प्रभावका बारेमा ज्ञान दिँदै संरक्षण जुट्न मद्दत पुग्नेछ।

सप्ताहका क्रममा नेपाल जोलोजिकल सोसाइटी बागमती प्रदेश र वीरेन्द्र बहुमुखी क्याम्पस प्राणीशास्त्र विभागले आज प्रभातफेरी गरेको छ। भरतपुर-१० रमाइलोचोकबाट निस्किएको प्रभातफेरी दीपेन्द्रचोक, सिनर्जी चोक, पूर्णिमा चोक हुँदै पुनः रमाइलो चोकमा पुगेर सम्पन्न भएको वीरेन्द्र क्याम्पसका सहायक क्याम्पस प्रमुख किशोर घिमिरेले बताउनुभयो।

# पोखरामा शनिबारदेखि राष्ट्रिय जुनियर टेनिस सुरु हुँदै

पोखरापत्र संवाददाता
पोखरा, ४ बैशाख

देशको पर्यटकीय राजधानी पोखरास्थित पोखरा रङ्गशालामा शनिबारदेखि पाँचौं संस्करणको मनुश्री–भिग्नजित राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता सुरु हुँदैछ।

पोखरा रङ्गशालाको टेनिस कम्प्लेक्समा यही बैशाख ८ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जानकारी




आयोजक कास्की जिल्ला टेनिस सङ्घले आज पत्रकार सम्मेलनमार्फत दिएको हो। प्रतियोगितामा यु–८, यु–९, यु–१०, यु–१२, यु–१४, यु–१६ र यु–१८ उमेर समूहका 'ब्वाइज' तथा 'गर्ल्सतर्फ' 'सिङ्गल्स' र 'डबल्स' गरी कुल १६ इभेन्टमा प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक लोकबहादुर गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा कास्कीका १५ जना खेलाडीसहित देशका अन्य जिल्लाबाट गरी ९० खेलाडीको सहभागिता रहनेछ।

प्रतियोगितामा पोखरासहित काठमाडौँ, चितवन र बुटवलका खेलाडीहरूको सहभागिता रहने सङ्घका कार्यवाहक अध्यक्ष नवीन चालिसेले बताउनुभयो । यस प्रतियोगितालेनयाँतथाप्रतिभाशाली खेलाडीहरूको प्रतिभा प्रस्फुटनमा महत्वपूर्ण योगदान पुर्‍याउने चालिसेले बताउनुभयो। "विद्यालय तहदेखि नै टेनिस खेल विकास गरी योग्य सक्षम खेलाडी उत्पादनमा प्रतियोगिताले सहयोग पुग्ने विश्वास लिएका छौँ। पोखरामा खेल पर्यटन प्रवर्द्धनका लागि पनि प्रतियोगिता महत्वपूर्ण हुनेछ", चालिसेले भन्नुभयो। प्रतियोगिताको तयारी पूरा भएसँगै सम्पूर्ण खेलाडीहरूले यो प्रतियोगितालाई अवसरका रूपमा लिएको बताउँदै यहाँबाट उत्पादित खेलाडीहरूको अन्य प्रतियोगितामा समेत उत्साहजनक सहभागिता रहेको बताइन्छ।

प्रतियोगिता सम्पन्न गर्न करिब रु तीन लाख खर्च लाग्ने अनुमान गरिएको छ। विजेता खेलाडीलाई मेडल, प्रमाणपत्र तथा गिफ्ट ह्याम्पर प्रदान गरिनेछ । साथै, प्रतियोगिताले खेलाडीको जुनियर वरियतामा सुधार ल्याउनसमेत सहयोग पुग्ने आयोजकले जनाएको छ । प्रतियोगिताको मुख्य प्रायोजन कुमार मोहनबहादुर शाहीले गर्नुभएको छ । उहाँले आफ्ना नातिनातिनीको नाममा यस प्रतियोगितालाई विगत पाँच वर्षदेखि प्रायोजन गर्दै आएको सङ्घका सचिव भीमराज पौडेलले जानकारी दिनुभयो।

# तपाईंको आज

| | |
|---|---|
| मेष : सहयोग मिल्नेछ | तुला : शत्रुको भय |
| वृष : व्यापारमा लाभ | वृश्चिक : कार्यमा सफलता |
| मिथुन : झमेला बढ्ने | धनु : सत्कार मिल्नेछ |
| कर्कट : शुभ यात्रा | मकर : अप्रत्यसित लाभ |
| सिंह : स्वास्थ्यमा सुधार | कुम्भ : शारीरिक झमेला |
| कन्या : आर्थिक समस्या | मीन : मानसिक तनाव |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पर्यटकलाई आकर्षित गर्दै बराहताल

पोखरापत्र संवाददाता
बागलुङ, ४ बैशाख

तमानखोला गाउँपालिका–२ मुठाचौरमा रहेको बराहताल एक दशक अगाडिसम्म ओभेलमा थियो । गाउँपालिकाले पूर्वाधार निर्माण गरी प्रचारप्रसार गर्न थालेपछि अहिले दैनिक आन्तरिक पर्यटकको घुँइचो नै लाग्न थालेको छ। समुद्री सतहदेखि करिब दुई हजार ७०० मिटरको उचाइमा रहेको तालसम्म सडक पुगेपछि पर्यटकको आकर्षण बढेको हो।

गण्डकी प्रदेश सरकार र गाउँपालिकाको करिब डेढ करोड बढी लगानीमा सडक, खानेपानी, शौचालय, घेराबार, पदमार्ग निर्माणलायत भौतिक पूर्वाधार निर्माण गरिएको छ । एक दशक अगाडिसम्म ताल आसपासका तमानखोला र ढोरपाटनका विभिन्न ठाउँबाट स्थानीय पूजाआजा गर्न जाने गरे पनि अन्य ठाउँबाट पर्यटक आउँदैनथे । तर पछिल्लो केही वर्षयता दैनिक पर्यटक आउन थालेको तमानखोला गाउँपालिका–२ का भूमिराज विकले बताउनुभयो । स्थानीयहरूले वस्तुभाउ चरिचन गर्ने र गोठमा बस्ने गोठालाले पानी भर्ने ठाउँ अहिले



पर्यटकीय गन्तव्य बन्दा खुसी लागेको विकले सुनाउनुभयो। दुई वर्ष अगाडिमात्रै मोटरबाटो मुगेको बराहतालमा दैनिक पर्यटक घुम्न आउने उहाँको भनाइ छ।

पर्यटक आउन थालेपछि स्थानीय उत्पादनसमेत बिक्री हुन थालेको विकको भनाइ छ। "बराहताल आजभन्दा १० वर्ष अगाडि धेरै ठूलो थियो, अहिले त यति ठूलो छ, पहिला नयाँ वर्षमा फाट्टफुट्ट मान्छेहरू घुम्न आए पनि अरु बेला आउँदैनथे", विकले भन्नुभयो, "अहिले त दिनहुँजसो पर्यटकको आइरहन्छन्, यस्तो ठाउँमा यति धेरै मान्छे आउलान् भन्ने त लागेको थियो।" ताल घुम्न आउने पर्यटकले तमानखोलाको विभिन्न गाउँमा उत्पादन हुने आलु, सिमी, भाँगोलगायत वस्तु किनेर लैजाने गरेको स्थानीय तुलबहादुर छन्त्यालले बताउनुभयो। यतिबेला ताल वरपरको घना जङ्गलमा गुराँस फुलेको हुँदा रमाउन आउनेको सङ्ख्या पनि बढेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "नयाँ वर्षका दिन त यहाँ दर्शौं हजार मान्छे आउँथे, तर अहिले त नयाँ वर्ष मनाउन अघिल्लो दिनै आएर रातभर जागराम बस्ने, गीत गाउने र रमाइलो गर्ने पर्यटकहरू बढेका छन्, सडकले सहज पनि बनायो, प्रचारप्रसार पनि राम्रोसँग हुँदा पर्यटक बढे।" गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बराहताललाई पहिलो प्राथमिकतामा राखेर काम गरेको बताउनुभयो। तालको तीव्र प्रचारप्रसार हुँदा आन्तरिकमात्र नभई बाह्य पर्यटकसमेत आउने गरेको उहाँको भनाइ छ। ढोरपाटन सिकार आरक्षमा पुग्ने पदमार्ग यही ताल क्षेत्रमा पर्ने हुँदा विदेशी पर्यटकको रोजाइमा समेत बराहताल परेको अध्यक्ष बुढामगर बताउनुहुन्छ।

# दुई दिनको बिदाले पर्यटन व्यवसायी उत्साहित: आर्थिक क्षेत्र चलायमान हुने विश्वास

जमुना वर्षा शर्मा
पोखरा, ४ वैशाख/रासस

सरकारले आइतबार सार्वजनिक बिदा थप गरेपछि पर्यटन व्यवसायी उत्साहित भएका छन् । लगातार दुई दिन बिदा हुँदा आन्तरिक पर्यटक बढ्ने व्यवसायीको अपेक्षा छ ।

सरकारले बढ्दो व्यापार घाटा र इन्धन खपत नियन्त्रण गर्ने उद्देश्यसहित आइतबार पनि सार्वजनिक बिदा थप गरेपछि मुलुकको पर्यटकीय राजधानी पोखराका पर्यटन व्यवसायीहरूमा उत्साह थपिएको छ । सरकारले यसअघि हप्तामा एक दिन शनिबार मात्र सार्वजनिक बिदा दिने गरेको थियो ।

दुई दिन बिदा हुँदा एकरात बस्न आउने पर्यटकको सङ्ख्या बढी हुने गरेको भन्दै उनीहरूले यो बिदाबाट होमस्टे (घरबास)देखि ठूला होटलसम्म पर्यटक बढ्ने गरेको बताउनुभयो । यसले आर्थिक क्षेत्र चलायमान बनाउने उनीहरूको भनाइ छ ।

विशेषगरी आन्तरिक पर्यटकमा निर्भर रहेको पोखराको पर्यटन क्षेत्रले लगातार दुई दिन बिदा दिने सरकारको निर्णयलाई व्यवसाय पुनःउत्थानको रुपमा एउटा बलियो सम्भावनाको रुपमा हेरेको छ । त्यसो त यसअघि पनि सरकारले परीक्षणका रूपमा सातामा दुईदिन बिदा दिने निर्णय गरेको थियो तर त्यसको पूर्ण कार्यान्वयन भने हुन सकेको थिएन् । तर, यसपटकको निर्णयलाई प्रभावकारी रूपमा अघि बढाउन सके पर्यटन क्षेत्रमा गुणात्मक र सकारात्मक परिवर्तन आउने अपेक्षा भने व्यवसायीको छ ।

होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले दुईदिनको बिदाले 'विकएन्ड ट्राभल' को संस्कृतिलाई प्रवर्द्धन गर्ने विश्वास व्यक्त गर्नुभयो । "यसअघि पनि यस्तो घोषणा भयो तर कार्यान्वयनमा समस्या देखियो, अहिलेको सरकारले यसलाई इन्धन खपतमा मात्र केन्द्रित नगरेर पर्यटकीय दृष्टिकोणबाट दीर्घकालीन रूपमा लैजान सके यसले ठूलो सकारात्मक प्रभाव पर्यटनमा पर्नेछ", उहाँले भन्नुभयो ।

अध्यक्ष सुवेदीले यसअघिको अवस्थामा नियमित दुई दिन बिदा हुँदा अन्य दिनको तुलनामा ५० प्रतिशत पर्यटक बढ्ने गरेको उल्लेखगर्दै आन्तरिक पर्यटकलाई घुमफिरका लागि मिल्दो समयको अभाव हुँदै आएकामा यो बिदाले लाभ मिलेको बताउनुभयो । उहाँले भन्नुभयो, "अन्य दिनको तुलनामा बिदाको दिनमा पर्यटक बढ्ने गर्छ, सँगै दुई दिन बिदा हुँदा पक्कै पर्यटक बढ्छ ।"

उहाँले दसैं तिहारजस्ता लामो बिदामा पोखराका होटलहरू ९० प्रतिशतसम्म भरिने गरेको अनुभव सुनाउँदै दुईदिने बिदाले घुम्ने संस्कृतिको विकास हुने र साना तथा मझौला होटलहरूलाई समेत राहत पुग्ने बताउनुभयो । यद्यपि अहिले देखिएको इन्धनको मूल्यवृद्धिले अन्य क्षेत्रमा पनि प्रभाव पार्ने भएकाले यो चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उहाँले सहज र सन्तुलित वातावरणको खाँचोसमेत औँल्याउनुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारापहारीले दुईदिने बिदाको व्यवस्थाले आन्तरिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने बताउनुभयो । अन्तरराष्ट्रिय अभ्यासको उदाहरण दिँदै उहाँले भन्नुभयो, "विभिन्न विकसित देशहरूमा 'विकेन्ड कल्चर' ले नै पर्यटन क्षेत्रलाई चलायमान बनाएको छ । छोटो समयमै यात्राको योजना बनाउन सहज हुने भएकाले पोखराजस्ता प्राकृतिक र शान्त गन्तव्यमा पर्यटकको चाप बढ्नेछ ।" तत्काल केही समस्या देखिए पनि यो बिदाले पर्यटन क्षेत्रमा दीर्घकालीन रुपमा सकारात्मकता ल्याउने विश्वास उहाँको छ ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले दुईदिने बिदाको अभ्यासले गण्डकी प्रदेशमा, विशेषगरी पोखरामा सकारात्मक सङ्केतहरू देखिएको बताउनुभयो । उहाँले भन्नुभयो, "बिदाको प्रभाव देखिँदैछ, पोखरासँगै प्रदेशका अन्य जिल्ला मुस्ताङ, नवलपुर, तनहुँ, पर्वतलगायत आसपासका ग्रामीण पर्यटकीय गाउँहरूमा पनि आन्तरिक पर्यटकको चहलपहल बढ्न थालिसकेको छ । अब यसको दिगोपनाका लागि सेवाको गुणस्तर सुधार र नयाँ गन्तव्यहरूको प्रवर्द्धन आवश्यक छ ।" उहाँले पर्यटन बोर्डले निजी क्षेत्रसँग मिलेर 'विकएन्ड टुरिज्म' लाई व्यवस्थित बनाउन योजनाहरू बनाइरहेको बताउनुभयो ।

रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले बिदाको निर्णयसँगै पर्यटनमैत्री नीतिको पनि खाँचो रहेको औँल्याउनुभयो । उहाँ भन्नुभयो, "बिदाले 'सर्ट ब्रेक ट्राभल' को विकास त गर्छ, तर राज्यले केवल बिदा घोषणा गरेर मात्र पुग्दैन । पूर्वाधार विकास, यातायात सहजता र प्रभावकारी प्रचारप्रसारलाई पनि सँगसँगै लैजानुपर्छ । दीर्घकालीन नीतिले मात्र पर्यटनलाई दिगो बनाउँछ ।"

गाउँ पर्यटन प्रवर्द्धन मञ्च भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाले दुईदिने बिदाले ग्रामीण पर्यटनका लागि नयाँ अवसर सिर्जना गरेको बताउनुभयो । "विकएन्डमा छोटो समय निकालेर नजिकका गाउँ-गन्तव्यतर्फ जाने क्रम विस्तारै बढ्दो देखिन्छ", उहाँले भन्नुभयो, "विशेषगरी पोखरा आसपासका गाउँहरूमा होमस्टे र स्थानीय पर्यटन गतिविधिमा केही सकारात्मक प्रभाव परेको छ ।" उहाँले कोरोना पछि आन्तरिक पर्यटकमा घुम्न संस्कृतिको विकास हुँदै गएको बताउँदै दुईदिने बिदाले थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "हामीले ग्रामीण पर्यटनलाई विकएन्ड टुरिज्मसँग जोड्दै स्थानीय रोजगारी र आम्दानी बढाउने दिशामा काम गरिरहेका छौँ ।" अध्यक्ष सापकोटाले यसलाई दिगो बनाउन पूर्वाधार सुधार, सेवा गुणस्तर र उचित प्रचारप्रसार आवश्यक रहेको औल्याउनुभयो । व्यवसायीमाझ उत्साहसँगै केही संशय पनि छन् । सरकारको यो निर्णयको मूल जड इन्धन खपत घटाउनु हो । यदि इन्धनको अभाव नै भयो र सवारीसाधन सञ्चालनमा कडाइ गरियो भने निजी सवारीमा यात्रा गर्ने पर्यटकहरू पोखरा आउन नसक्ने जोखिम पनि उत्तिकै रहन्छ । यसले पर्यटनमा उल्टो असर पार्न सक्ने चिन्ता पनि व्यवसायीमा छ । अर्कोतर्फ, नेपालमा नीतिगत अस्थिरता दीर्घकालीन विकासका लागि चुनौतीपूर्ण समस्याका रूपमा रहँदै आएको छ । विगतमा पनि हप्तामा दुईदिन सार्वजनिक बिदा दिने निर्णय पटक-पटक लागू र खारेज भएका उदाहरणले नीति निरन्तरतामाथि प्रश्न उठाएका छन् । पोखरा भ्रमण वर्षका संयोजक गोपीबहादुर भट्टराईले भन्नुभयो, "यदि यस्तो नीति बारम्बार परिवर्तन भइरह्यो भने होटलहरूले दीर्घकालीन प्याकेज तयार गर्न सक्दैनन्, ट्राभल कम्पनीले स्पष्ट योजना बनाउन पाउँदैनन् र पर्यटकहरूमा पनि अनिश्चितता बढ्छ ।" उहाँले पोखरा केवल एउटा सहर मात्र नभई अन्नपूर्ण क्षेत्रको प्रमुख प्रवेशद्वार हो । फेवाताल, प्याराग्लाइडिङ, ट्रेकिङलगायत गतिविधिले यसलाई अन्तर ष्ट्रियस्तरको आकर्षक गन्तव्य बनाएको छ भन्नुभयो । 'वीकएन्ड टुरिज्म'लाई व्यवस्थित रूपमा विकास गर्न सकिएमा क्याफे सञ्चालक, ट्राभल गाइड, ट्याक्सी चालकदेखि लघुउद्यमीसम्मले प्रत्यक्ष लाभ लिन सकिन्छ, उहाँको भनाइ छ ।

उहाँका अनुसार विश्वका धेरै देशहरूमा लामो समयदेखि दुईदिने साप्ताहिक बिदाको अभ्यास छ, जहाँ मानिसहरू परिवारसँग समय बिताउने, घुमफिर गर्ने र मानसिक शारीरिक रूपमा स्फूर्ति हुने अवसर पाउँछन् । नेपालका कूटनीतिक नियोगहरूमा समेत यो लागू छ, त्यसैले पाँच दिन प्रभावकारी काम र दुईदिन विश्रामको अवधारणा श्रम उत्पादकता, स्वास्थ्य र पारिवारिक सम्बन्ध सुदृढीकरणका दृष्टिले पनि उपयुक्त मानिन्छ । यसलाई केवल आर्थिक वा व्यावसायिक दृष्टिकोणबाट मात्र होइन, सामाजिक र सांस्कृतिक अवसरका रूपमा पनि हेर्नुपर्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "नयाँ ठाउँको भ्रमणले मानिसलाई विविध संस्कार-संस्कृतिसँग परिचित गराउँछ, जीवनप्रतिको दृष्टिकोण फराकिलो बनाउँछ र आन्तरिक पर्यटन प्रवर्द्धनमा सकारात्मक योगदान पुऱ्याउँछ ।"

टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यले सातामा दुईदिन बिदा दिने निर्णयले पर्यटन क्षेत्रमा नयाँ ऊर्जा सञ्चार गरेको बताउनुभयो । "यो व्यवस्थाले विशेषगरी नेपाललाई विश्वभर चिनाउने पदयात्रा (ट्रेकिङ) पर्यटनमा उल्लेख्य टेवा पुग्नेछ, दुई दिने बिदाले छोटो समयमै नजिकका पदमार्गहरूमा जाने संस्कृतिलाई प्रोत्साहन गर्छ", उहाँले भन्नुभयो, "अन्नपूर्ण क्षेत्रका छोटा ट्रेकहरू, गाउँगाउँ जोडिएका पदमार्ग र होमस्टे गन्तव्यहरूमा सहज रूपमा अनुभव गर्न सकिने भएकोले छ, जसले आन्तरिक पर्यटकलाई ट्रेकिङतर्फ आकर्षित गर्छ ।" उहाँले यो निर्णय आन्तरिक पर्यटन प्रवर्द्धनका लागि एउटा सुनौलो अवसर हो भन्दै यसको सफलता इन्धन आपूर्ति र यातायातको सहजता, नीतिको दीर्घकालीन निरन्तरता र ट्रेकिङमैत्री पूर्वाधार तथा सुरक्षासम्बन्धी व्यवस्थामा निर्भर रहने बताउनुभयो ।

अध्यक्ष आचार्यले यी पक्षहरू सन्तुलित रूपमा व्यवस्थापन गर्न सकिए पोखरा दक्षिण एशियाकै उत्कृष्ट 'विकएन्ड ट्रेकिङ डेस्टिनेशन'का रूपमा स्थापित हुनसक्ने विश्वास व्यक्त गर्नुभयो ।

# राष्ट्रिय कौराहा सम्मेलन सुरु

पोखरापत्र संवाददाता
दमौली, ४ वैशाख



मगर समुदायको मौलिक नृत्य 'कौराहा' संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले आजदेखि दोस्रो राष्ट्रिय मौलिक कौराहा सम्मेलन ऋषिङमा सुरु भएको छ ।

नेपाल मगर सांस्कृतिक सङ्घ केन्द्रीय समितिको आयोजना तथा राष्ट्रिय मौलिक कौराहा संरक्षण समिति र नेपाल मगर सङ्घ जिल्ला समन्वय समिति तनहुँको सहआयोजनामा ऋषिङ गाउँपालिका-१ झापुटारमा आयोजित सम्मेलन भोलि समापन हुनेछ । कौराहा नृत्यको मौलिकता संरक्षण तथा प्रवर्द्धन, मगर समुदायको सांस्कृतिक पहिचानलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार, कौराहासम्बन्धी अध्ययन, अनुसन्धान तथा अनुभव आदानप्रदानका साथै नयाँ पुस्तालाई संस्कृतिप्रति जागरुक बनाउने उद्देश्यले सम्मेलन आयोजना गरिएको सङ्घका अध्यक्ष नन्दु मगरले बताउनुभयो । कौराहा विशेषगरी '६ क' सँग सम्बन्धित छ । कहिले गाउने, कसरी गाउने, कति गाउने, कहाँ गाउने, कसरी नाच्ने तथा नचाउने र वाद्यवादन यन्त्र कसरी बजाउने भन्ने आधारभूत पक्षबारे सम्मेलनमा सिकाइने छ ।

# घुम्तीगोठमा बाख्रा पालेर स्वरोजगार र आत्मनिर्भर

रासस
म्याग्दी, ४ वैशाख

रोजगारका लागि बहराइनमा पुगेका धवलागिरि गाउँपालिका-३ फलीयागाउँका ३९ वर्षीय भीम भण्डारीलाई स्वास्थ्यले साथ नदिएपछि चार वर्षमै घर फर्कनुपऱ्यो ।

तीन छोराछोरी, वृद्ध बुबाआमा, भाइबहिनीहरूको पठनपाठनदेखि घरव्यवहार चलाउने भीम विदेशबाट फर्किँदा निराश भए पनि हिम्मत हारेनन् । विदेशबाट फर्किएपछि बेरोजगार बनेका भीमलाई बाख्रापालन गर्ने सोच पलायो । आठ वर्षअघि सुरु गरेको घुम्तीगोठमा बाख्रापालन व्यवसायले उहाँलाई स्वरोजगारका साथै आत्मनिर्भर बनाएको हो । "विदेशबाट फर्किनुपर्दा घरव्यवहार चलाउने खर्च कसरी जुटाउने भनेर पिरोलिएको थिएँ", उहाँले भन्नुभयो, "घुम्तीगोठमा बाख्रापालन सुरु गरेपछि रोजगारी र घरव्यवहार चलाउनकै लागि पैसा कमाउन विदेश नै जानुपर्दो रहेनछ भन्ने महसुस भयो ।" भीमले बुवा लालबहादुर भण्डारीले पितापुर्खाको पालादेखि नै गर्दै आएको बाख्रापालन पेसालाई व्यवस्थित गरेर निरन्तरता दिनुभएको हो । पचास वटाबाट सुरु भएको भीमको गोठमा हाल एक सय ५० स्थानीय खरी जातका बाख्रा छन् । उहाँलाई बाख्रापालनमा श्रीमती विपनाले साथ दिनुभएको छ । वार्षिक १५ देखि २० वटा खसीबोका र त्यति नै सङ्ख्यामा पाठापाठी तथा माउ बाख्रा बिक्री गर्ने भण्डारी दम्पती बाख्रापालनबाट सन्तुष्ट छन् । "गोठमा बाख्राको सङ्ख्या धेरै हुँदा दुई सय वटासम्म पुगेको थियो", विपनाले भन्नुभयो, "अर्काको देशमा गर्ने दुःख आफ्नै ठाउँमा गर्ने हो भने आत्मनिर्भर भइने रहेछ ।"

अग्ला र धेरै तौल हुने खरी स्थानीय जातको बाख्रा हो । औसतमा एक बेतमा एकवटा पाठापाठी जन्माउने खरीका खसी दुई वर्ष पालेपछि प्रतिगोटा रु २० हजारमा बिक्री हुने विपनाले बताउनुभयो । धेरै सङ्ख्यामा दानापानी र घाँस पुर्याउन नसकिने हुँदा ग्रामीण क्षेत्रका किसानले घुम्तीगोठमा बाख्रापालन गर्छन् । कातिकमा बैँसी झरेका भण्डारी दम्पतीका बाख्रागोठ हिजोआज फलीगाउँको फेदीमा रहेको हुँचिनमा छ । चिसो हुने भएकाले हुँचिनभन्दा अझ न्यायो र बैंसी सोलवाङमा गोठ राखिएको थियो । वैशाखको अन्तिम साता चरनका लागि बाख्रागोठ ढोरपाटन लैजाने उनीहरूको योजना छ । जेठ, असार र साउनमा गुर्जाघाट चर्ने बाख्रा भदौ र असोजमा त्यो भन्दा माथिको बुकी अनेरीमा पुग्छन् । किसानले पशुका लागि आवश्यक पर्ने पोषिलो आहारा पाइने चरन क्षेत्रलाई बुकी भन्छन् ।

त्रिपालको टहरामा रात कटाउने उनीहरूले बाख्राको सुरक्षाका लागि पाँचवटा कुकुर पालेका छन् । कुकुरले चितुवालगायत जङ्गली जनावरको गतिविधिलाई निगरानी गर्ने, बाख्रालाई बचाउने, भुकेर सूचना दिने र कतिपय अवस्थामा जङ्गली जनावरसँग भिडेर भगाई सहयोग गर्ने विपनाले सुनाउनुभयो । आफ्नै नाममा जग्गा जमिन नहुँदा व्यवसाय दर्ता गर्न नपाएका उनीहरूले बाख्रापालनलाई नै निरन्तरता दिने र जीविकोपार्जनको माध्यम बनाउने बताएका छन् । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले अभियानकै रूपमा महामारीजन्य रोग पिपिआरविरुद्धको खोप र धवलागिरि गाउँपालिकाले प्राविधिक सेवा, त्रिपाल र सौर्य ऊर्जा सहयोग गरेको छ । महामारीबाहेकको अवस्थामा पनि बाख्राको औषधि उपचार निःशुल्क गर्ने र पशु बीमाका लागि सहजीकरण गरिदिन भण्डारी दम्पतीले राज्यका निकायसँग अनुरोध गरेका छन् ।

# हुलाकबाट घरदैलोमै सेवा

पोखरापत्र संवाददाता
बेनी, ४ वैशाख

सरकारी सेवालाई नागरिकको घरदैलोमै पुऱ्याउने लक्ष्यसहित जिल्ला हुलाक कार्यालयले जिल्लाभर कार्यरत हल्कारालाई उत्प्रेरणा तथा अभिमुखीकरण गरेको छ ।

सेवा प्रवाहलाई थप प्रभावकारी, छिटो र विश्वसनीय बनाउने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रमले हुलाक सेवामा नयाँ ऊर्जा थप्ने अपेक्षा गरिएको छ । सरकारले अघि सारेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीअन्तर्गत हुलाकमार्फत सेवा विस्तार गर्ने योजनालाई व्यवहारमा उतार्न यस्तो पहल गरिएको हो । विशेषगरी राहदानीलगायत महत्वपूर्ण सरकारी कागजात घरमै पुऱ्याउने लक्ष्यलाई सफल बनाउन हल्काराको भूमिकालाई थप सुदृढ बनाउन उनीहरूलाई उत्प्रेरणा प्रदान गरिएको जिल्ला हुलाक कार्यालयका प्रमुख रमेश थापाले जानकारी दिनुभयो ।

कार्यक्रममा जिल्ला तथा पालिका हुलाक कार्यालयअन्तर्गत कार्यरत हल्कारालाई कार्यालय प्रमुख थापा तथा शाखा प्रमुखहरूले सहजीकरण गर्दै सेवाको गुणस्तर, समय व्यवस्थापन र जिम्मेवारीबारे अभिमुखीकरण गर्नुभएको थियो । यसैबीच उत्कृष्ट कार्यसम्पादन गर्ने हल्करा रमेश शर्मा, सबैभन्दा धेरै चिट्ठी वितरण गर्ने रघुगङ्गा गाउँपालिकाकी शोभा सुवेदी तथा पोष्ट म्यान बुक उत्कृष्ट राख्ने दिपक सुवेदी सम्मानित हुनुभएको छ । जिल्ला हुलाक कार्यालयका प्रमुख थापाका अनुसार हुलाक सेवालाई सरकारी 'कुरियर सेवा'का रूपमा विकास गर्दै नागरिकलाई सहज र छरितो सेवा दिनेतर्फ ध्यान केन्द्रित गरिएको छ । साथै, डाँक रेखाको पुनरावलोकनका लागि अन्तरक्रिया गरिएको उहाँले जानकारी दिनुभयो । वालेन्द्र शाह प्रधानमन्त्रीमा नियुक्त भएपछि सरकारले नागरिकता, राहदानीलगायत सरकारी कागजात घरघरमा पुऱ्याउने घोषणा गरेको थियो । सरकारको उक्त घोषणालाई बुधबारदेखि नै म्याग्दीमा कार्यान्वयनमा ल्याइएको छ । तत्काल राहदानी सेवालाई हुलाकमार्फत सेवाग्राहीको घरदैलोमा पुऱ्याउने व्यवस्था प्रारम्भ गरिएको छ ।

# अठार वर्षपछि सडक स्तरोन्नति गर्न थालियो

रासस
म्याग्दी, ४ वैशाख

मार्ग खुलेको १८ वर्षपछि म्याग्दीको बेनी नगरपालिका-५ पुलाचौरमा सडक स्तरोन्नति गरेर पक्की बनाउन थालिएको छ ।

बेनी नगरपालिकाले बेनी-पुलाचौर-टोड्के सडक योजनामार्फत विसं २०६५ मा मार्ग खुलेको पुलाचौरको सडकलाई ढलान र कालोपत्र गरेर पक्की बनाउने योजना सञ्चालन गरेको हो । बेनी नगरपालिका-५ का वडाध्यक्ष गोविन्द बानियाँले मार्ग खुलेको १८ वर्षपछि स्तरोन्नति गर्न लागिएको बताउनुभयो ।

चालु आर्थिक वर्षका लागि रु एक करोड ७७ लाख ८८ हजार ४७२ लागत अनुमान गरिएको उक्त योजना निर्माणका लागि रिभरएज इन्जिनियरिङ एण्ड बिल्डर्स प्रालिले गत पुस १२ गते रु एक करोड २२ लाख ५५ हजार २०० मा ठेक्का सम्झौता गरेको थियो ।

सडक फराकिलो पार्ने र पर्खाल निर्माण गरिरहेको निर्माण कम्पनीले पुलाचौर क्षेत्रमा ढलान सकेर कालोपत्रका लागि ग्राभेल गरेर तयारी थालेको छ । हालसम्म यसमा करिब ५० प्रतिशत भौतिक प्रगति भएको बताइएको छ ।

आगामी जेठ १५ गतेसम्म ठेक्काको म्याद रहेको हुँदा यो योजनामार्फत ५९७ मिटर ढलान र ३०० मिटर दूरीमा प्रिमिक्स प्रविधिको कालोपत्र गरिने बेनी नगरपालिकाका सवइन्जिनियर मिलन केसीले बताउनुभयो । पाँच सय दुई मिटर दूरीमा नाली र १७४ दशमलव ७४ घनमिटर पलम कङ्क्रिट पर्खाल निर्माण हुने उहाँले बताउनुभयो । यो सडकको निर्माण सम्पन्न भएपछि स्थानीयवासीका साथै रावणपार्क, पछै, ढोलथान, जगन्नाथ र टोड्केलगायत धार्मिक पर्यटकीयस्थलको दर्शन र पूजाआजाका लागि आउने भक्तजन तथा पर्यटकलाई सुविधा पुग्नेछ ।

बेनी-पुलाचौर-टोड्के बेनी नगरपालिकाले चालु आर्थिक वर्षमा सबैभन्दा बढी बजेट विनियोजन गरेको गौरवको आयोजना हो । बेनी नगरपालिकाको ६० प्रतिशत र सङ्घीय सरकारको ४० प्रतिशत लागत साझेदारीमा सञ्चालित सडक स्तरोन्नति आयोजना सञ्चालन भएको हो । तीन आवमा क्रमागत योजनाको रुपमा पुरुण्डीदेखि पुलाचौर हुँदै नयाँगाउँ खण्डको सडकलाई पक्की बनाउन लागिएको नगर प्रमुख सुरत केसीले बताउनुभयो ।

सडक पक्की भएपछि धुलो र हिलोको समस्या हट्ने, यात्राअवधि छोटिने, झन्झट र कष्टपूर्ण यात्रा गर्नुपर्ने अवस्थाबाट मुक्ति मिल्ने स्थानीयवासीको भनाइ छ । सामान्य मर्मतसम्भार गरेर यातायात सञ्चालन हुँदै आएको यो सडकमा यात्रा गर्न असहज हुँदै आएको थियो । बेनी नगरपालिकाको ६, ५ र मङ्गला गाउँपालिकाको १ नम्बर वडाका बस्तीहरूलाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने यो सडकमा बेनीदेखि बेनी नगरपालिका-६ अर्थुङ्गे-बाँसकोट- एकपाटे- अवेचौर हुँदै पुरुण्डीसम्म ७ किलोमिटर ढलान र कालोपत्र गरेर पक्की बनेको छ ।

# ट्रकको ठक्करबाट एक जनाको मृत्यु

पोखरापत्र संवाददाता
दमौली, ४ वैशाख

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिका-४ विमलनगरमा ट्रकको ठक्करबाट बिहीबार एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा गोरखाका ६१ वर्षीय खुदबहादुर थापा रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । दमौलीबाट आँबुखैरेनीतर्फ जाँदै गरेको प्र३-०१-००३क ४८९८ नम्बरको ग्यास सिलिन्डर बोकेको ट्रकले बाटो काट्ने क्रममा निजलाई ठक्कर दिएको थियो । ठक्करबाट घाइते उनलाई उपचारका लागि प्रदेश अस्पताल दमौली ल्याइएकामा चिकित्सकले बिहीबार साँझ ५:४८ बजे मृत घोषणा गरेको प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।